# करैयामाई गाउँपालिका
## Karaiyamai Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madhesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)

पत्र संख्या/Letter No: २०७९/०८०
चलानी नं./Ref. No.:: 2205
मिति/Date: २०८०/०१/१३

**विषय :- आ.व. २०७९/०८० को भुक्तानी तथा खाता बन्द हुने सम्बन्धमा ।**

**श्री वडा कार्यालय, वडा नं. १ देखि ८ सम्म**
**श्री विषयगत शाखा सबै,**
**श्री निर्माण व्यवसायी, सेवा प्रदायक संस्था तथा उपभोक्ता समितिहरु,**
**श्री सरोकारवाला सबै,**
**करैयामाई गा.पा., बारा ।**

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरयायित्व नियमावाली, २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको तथा अन्तिम हप्तामा कार्यालयमा दायित्व सृजना भएको करहरु दाखिला गर्ने संघीय सरकार र प्रदेश सरकार अनुदान खर्च भई बाँकी रहेका अनुदानहरु फिर्ता गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने, सम्पूर्ण कारोवारको हिसाब मिलान गरी संघीय सरकार र प्रदेश सरकार लगायतका निकायमा वित्तिय प्रतिवेदन पठाउनु पर्ने व्यवस्था भए बमोजिम यस गाउँपालिकाबाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रमको मिति २०८०/०२/३० गते भित्र अनिवार्य रुपमा सम्पूर्ण कार्य सम्पन्न गरी मिति २०८०/०३/१५ गते सम्म भुक्तानी लिई फरफारक गर्नु हुन जानकारी गराईन्छ । साथै सशर्त अनुदान तर्फको महालेखा नियन्त्रक कार्यालयको प.सं. २०७९/०८० च.नं. १४२ मिति २०७९/१२/१७ को प्राप्तानुसार प्रदेश र स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदान तर्फको वित्तिय हस्तान्तरण भएको रकम सम्बन्धमा खर्च प्रगतीको आधारमा मात्र थप रकम हस्तान्तरण हुने जानकारी प्राप्त भए अनुसार सशर्त अनुदान तर्फको रकम अन्तिम निकासा २०८० जेष्ठ १५ गते भित्र सम्म मात्र हुने व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै तोकिएको समयभित्र भुक्तानी लिन नआएमा यस कार्यालय तथा आर्थिक प्रशासन शाखा जवाफदेही नहुने सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

(उदय शंकर चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री महालेखा नियन्त्रक कार्यालय, काठमाण्डौं
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, कलैया, बारा ।
श्री गा.पा. अध्यक्ष श्री शम्भु प्रसाद यादव, करैयामाई गा.पा.
श्री गा.पा. उपाध्यक्ष श्री सुनैना कुमारी चौधरी, करैयमाई गा.पा.